# फिदिम राजपत्र

## फिदिम नगरपालिकाद्वारा प्रकाशित

खण्डः ७ | फिदिम,पाँचथर | भाद्र १८ गते २०८० | संख्याः ४

**भाग-२**

**फिदिम नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**फिदिम पाँचथरको सूचना**

# फिदिम नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि (पहिलो संशोधन),२०८०

# फिदिम नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८०

फिदिम नगरपालिकाको नगर प्रहरी संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न बाञ्छनीय भएकोले फिदिम नगरपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ दफा (८७) ले दिएको अधिकार प्रयोग गरी फिदिम नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"फिदिम नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि (पहिलो संशोधन) २०८०"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२) **फिदिम नगरपालिकाको नगर प्रहरी संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५** को दफा ४ संशोधनः फिदिम नगरपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ४ मा रहेको "सभा" भन्ने शब्दको सट्टा "नगर कार्यपालिका" भन्ने शब्द राखिएको छ ।

३) **मूल कार्यविधिको दफा ५ मा संशोधनः** मूल कार्यविधिको दफा ५ को उपदफा (१) मा रहेको "नगर सभा" भन्ने शब्दको सट्टा " नगर कार्यपालिका" भन्ने शब्द राखिएको छ ।

४) **मूल कार्यविधिको दफा ७ मा संशोधनः** मूल कार्यविधिको दफा ७ को,

(१) उपदफा (१) मा रहेको "नगर सभा" भन्ने शब्दको सट्टा "नगर कार्यपालिका" भन्ने शब्द राखिएको छ ।

(२) उपदफा (२) मा रहेको "सभा" भन्ने शब्दको सट्टा "नगर कार्यपालिका" भन्ने शब्द राखिएको छ ।

५) **मूल कार्यविधिको दफा ८ मा संशोधनः** मूल कार्यविधिको दफा ८ को सट्टा देहायको दफा राखिएको छ ।
नगर प्रहरीको नियुक्ति हुने पदहरु देहाय बमोजिम रहेनेछ ।

(१) नगर प्रहरी असिष्टेन्ट सब ईन्सपेक्टर

(२) नगर प्रहरी हवल्दार

(३) नगर प्रहरी जवान सहयोगी

६) **मूल कार्यविधिको दफा १२ मा संशोधनः** मूल कार्यविधिको दफा १२ को उपदफा (१) र उपदफा (२) को सट्टा देहायका उपदफा (१) र (२) राखिएका छन ।

(१) उपदफा (१) मा दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको तथा नेपाली सेना/नेपाल प्रहरी/सशस्त्र प्रहरीबाट सेवा निवृत्त भएकाहरुका लागि ४५ वर्ष उमेर पुरा नभएको हुनुपर्नेछ ।

(२) उपदफा (२) मा नगर प्रहरी असिष्टेन्ट सब ईन्सपेक्टर पदको लागि शैक्षिक योग्यता प्रविणता तह वा सो सरह उत्तीर्ण गरेको , नगर प्रहरी हवल्दार पदको र नगर प्रहरी जवान पदको लागि लागि एस.ई.ई वा सो सरह उतीर्ण गरेको हुनुपर्नेछ ।

**७) मूल कार्यविधिको दफा १३ मा संशोधनः** मूल कार्यविधिको दफा १३ को सट्टा देहायको दफा राखिएको छ ।

नगरपालिकाको नगर प्रहरी पदपूर्ति समिति निम्नानुसार हुनेछ ।

(१) संयोजक- प्रमुख प्रशासकीय अधिकृत, फिदिम नगरपालिका

(२) सदस्य- प्रमुखले तोकेको विषय विज्ञको रूपमा सरकारी सेवाको अधिकृतस्तर (बहालवाला वा सेवा निवृत) को कर्मचारी

(३) सदस्य सचिव- प्रशासन शाखा प्रमुख, फिदिम नगरपालिका

नगर प्रहरीहरूको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा नजिकैको प्रहरी कार्यालयको प्रतिनिधि र नगर प्रहरी प्रमुखलाई विज्ञको रूपमा आमन्त्रित गर्न सकिनेछ ।

**आज्ञाले,**
**प्रविनहाङ योङहाङ**
**प्रमुख प्रशासकीय अधिकृत ।**